आज मिति २०७६।१२।२३ गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज बोहराको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीको उपस्थितीमा बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति:-

| | | | |
|---|---|---|---|
| प्र.जि.अ. | श्री यज्ञराज बोहरा | जिल्ला प्रशासन कार्यालय कैलाली | - अध्यक्ष |
| मे.सु. | डा. हेमराज पाण्डे | सेती प्रादेशिक अस्पताल कैलाली | - सदस्य |
| स.प्र.जि.अ. | श्री मोहनराज जोशी | जिल्ला प्रशासन कार्यालय कैलाली | - सदस्य |
| जि.स.अ. | श्री विर बहादुर शाही | जिल्ला समन्वय समिति कैलाली | - सदस्य |
| प्र.सेनानी | श्री विकास के.सी. | नेपाली सेना भवानी दल गण | - सदस्य |
| प्र.उ. | श्री सुदिप गिरी | जिल्ला प्रहरी कार्यालय कैलाली | - सदस्य |
| स.प्र.उ. | श्री कमल प्रसाद तिउसिना | सशस्त्र प्रहरी बल नं. ३४ गण धनगढी | - सदस्य |
| उप-अ.नि. | श्री विकास पाण्डे | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | - सदस्य |
| प्र.अ. | श्री शिवराज जोशी | जिल्ला प्रशासन कार्यालय कैलाली | - सदस्य सचिव |

आमन्त्रित:-

| | | | |
|---|---|---|---|
| का.प्र. | श्री लाल बहादुर धामी | स्वास्थ्य कार्यालय कैलाली | - सदस्य |

निर्णय:-

१. जिल्लामा कोभिड-१९को रोकथाम, नियन्त्रण र उपचारलाई प्रभावकारि बनाउन देहाय बमोजिमको Crisis Management Center जिल्लास्तरिय समिति गठन गर्ने निर्णय गरियो ।

Crisis Management Center जिल्लास्तरिय समिति :-

| | | | |
|---|---|---|---|
| प्र.जि.अ. | श्री यज्ञराज बोहरा | जिल्ला प्रशासन कार्यालय कैलाली | - अध्यक्ष |
| मे.सु. | डा. हेमराज पाण्डे | सेती प्रादेशिक अस्पताल कैलाली | - सदस्य |
| स.प्र.जि.अ. | श्री मोहनराज जोशी | जिल्ला प्रशासन कार्यालय कैलाली | - सदस्य |
| जि.स.अ. | श्री विर बहादुर शाही | जिल्ला समन्वय समिति कैलाली | - सदस्य |
| प्र.सेनानी | श्री विकास के.सी. | नेपाली सेना भवानी दल गण | - सदस्य |
| प्र.उ. | श्री सुदिप गिरी | जिल्ला प्रहरी कार्यालय कैलाली | - सदस्य |
| स.प्र.उ. | श्री कमल प्रसाद तिउसिना | सशस्त्र प्रहरी बल नं. ३४ गण धनगढी | - सदस्य |
| उप-अ.नि. | श्री विकास पाण्डे | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | - सदस्य |
| प्र.अ. | श्री शिवराज जोशी | जिल्ला प्रशासन कार्यालय कैलाली | - सदस्य सचिव |

२. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा जिल्ला कोभिड कमाण्ड पोष्टले सहयोग, समन्वय, सहजिकरण र अनुगमन गर्दै आएकोमा यो कार्यलाई अझ थप प्रभावकारी रुपमा गर्ने ।

३. सुदूर पश्चिम प्रदेशको राजधानी समेत रहेको धनगढी स्थित सेती प्रादेशिक अस्पताल र अन्य निजी अस्पतालहरुमा समेत हाल प्रयाप्त मात्रामा औषधी उपकरण तथा स्वास्थ्य सामाग्री नभएकोले आवश्यक पर्ने औषधी उपकरण तथा स्वास्थ्य सामाग्रीको विवरण सेती प्रादेशिक अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयले तयार गरी उपलब्ध गराईदिन CMC प्रदेश स्तरिय समिति लाई अनुरोध गर्ने ।

४. हाल सेती प्रादेशिक अस्पतालमा भएको (कोभिड-१९ को उपचारमा परिचालन गर्न सकिने) स्वास्थ्यकर्मीहरुको विवरण, धनगढीका अन्य निजी क्षेत्रमा भएको स्वास्थ्यकर्मी (जो कोभिड-१९ को उपचारमा परिचालन गर्न सकिने) को एकिकृत विवरण तयार गरी अपुग स्वास्थ्यकर्मीको माग गरी समयमै उपलब्ध गराई दिन CMC प्रदेश स्तरिय समिति लाई अनुरोध गर्ने ।

५. सेती प्रादेशिक अस्पतालमा Isolation र ICU वार्डको क्षमता यथासिघ्र विस्तार गर्ने र धनगढीमा रहेका अन्य निजी क्षेत्रका अस्पताल र तिनका जनशक्ती समेत उपयोग गर्न CMC प्रदेश स्तरिय समिति लाई अनुरोध गर्ने ।

६. मापदण्ड अनुसारको Quarantine व्यवस्थापन गर्नको लागि नेपाली सेनालाई जिम्मा दिन CMC प्रदेश स्तरिय समिति लाई अनुरोध गर्ने

७. जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुखको संयोजकत्वमा नेपाली सेनाको अधिकृत, नेपाल प्रहरीको अधिकृत र सशस्त्र प्रहरी बल नेपालको अधिकृत र रेडक्रस सोसाईटीको अधिकृत रहने गरी PRT गठन गर्ने ।

८. जिल्लामा कोभिड Command अन्तरगत गठित समन्वय समितिलाई कोभिड-१९ सम्बन्धि जिल्लामा भएका गतिविधी स्थिति र अवस्थाको जिल्लाभरीको सूचना संगठन गरी NEOC, HEOC, CCMC-opc मा सूचना सम्प्रेषण गर्ने ।

९. जिल्लामा भएका सरकारी, सामुदायिक र निजी सबै एम्बुलेन्सहरुको बिबरण, चालकको बिबरण तयार गरी आवश्यक परेको बेला प्रयोग गर्न सक्ने गरी ईलाका प्रहरी कार्यालय टिकापुर, सुख्खड, मालाखेती र सेती प्रादेशिक अस्पताल धनगढीमा रहेन गरी व्यवस्था मिलाउने यो कार्य गर्न एम्बुलेन्स व्यवस्थापन उपसमिति निर्माण गर्ने ।

उपसमिति:-

| | |
|---|---|
| जिल्ला जनस्वास्थ्य प्रमुख | - संयोजक |
| सम्बन्धित स्थानिय तहको अधिकृत प्रतिनिधी | - सदस्य |
| नेपाल रेडक्रस समिति अधिकृत प्रतिनिधी | - सदस्य |
| एम्बुलेन्स संचालक समिति को अध्यक्ष | - सदस्य |